नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

सरकारी ऋणपत्र तथा बचतपत्रको कार्य गर्न इच्छुक नयाँ तथा पुराना बजार निर्माताहरुको लागि

# पुन: सूचना

नेपाल सरकारको राष्ट्रिय बचतपत्र तथा नागरिक बचतपत्रको प्राथमिक तथा दोश्रो बजार कारोवार र बोलकबोलको माध्यमबाट निष्कासन नभएका विकास ऋणपत्रको दोश्रो बजार कारोवारका लागि शर्तहरु सहित बजार निर्माताको कार्य गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र हाल यस विभागको इजाजतपत्र लिई कारोवार गरिरहेका संस्थाहरुले समेत आर्थिक वर्ष २०६८/६९ को लागि नयाँ इजाजत पत्र लिन वा इजाजतपत्र नवीकरण गर्न चाहेमा २०६८ जेष्ठ २७ गते भित्र देहायका कागजात संलग्न गरी रीतपूर्वकको आवेदन आव्हान गरिएकोमा पुन: म्याद थप गरिएको हुनाले मिति २०६८ असार १९ गते सम्म पुन: आवेदन आव्हान गरिन्छ ।

**(क) बजार निर्माताको इजाजत पत्र नविकरणका लागि**

(१) हालको इजाजतपत्रको सक्कल प्रति,
(२) आ.व.२०६६/६७ को वित्तीय प्रतिवेदन र
(३) नेपाल राष्ट्र बैंक ना.नो.आ.हि. फूटकर हिसाबमा नवीकरण वापत थप दस्तुर समेत रु.१,१००।- (जम्मा गरेको सक्कल भौचर ।

**(ख) बजार निर्माताको नयाँ इजाजतपत्र लिनका लागि**

(१) आ.व.२०६६/६७ को वित्तीय प्रतिवेदन,
(२) बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली,
(३) नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न प्रदान गरेको इजाजत पत्रको प्रतिलिपि र
(४) नेपाल राष्ट्र बैंक, ना.नो.आ.हि.फुटकर हिसावमा इजाजतपत्र बापत थप दस्तुर समेत रु.२,०००।-को जम्मा गरेको सक्कल भौचर ।

सो थप म्यादभित्र समेत नवीकरणका लागि आवेदन पेश नगरेमा त्यस्ता बजार निर्माताको इजाजतपत्र स्वत: रद्द भएको मानिनेछ ।

इजाजतपत्र नवीकरण नभएका बजार निर्माताको स्वामित्वमा भएका सबै ऋणपत्र विभागले नै खरिद गर्नेछ । इजाजतपत्र लिन आउँदा संस्थाको आधिकारिक पत्र र छाप अनिवार्यरुपमा लिई आउनु पर्नेछ ।